# इन्द्रावती गाउँपालिका
## स्थानीय पाठ्यक्रम – २०७७

विषय : इन्द्रावती परिचय

कक्षा ४

| क्षेत्र | सिकाइउपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १.इन्द्रावतीको भूगोल र प्राकृतिक सम्पदा | १.इन्द्रावती गाउँपालिकाको भौगोलिक अवस्थिति, छिमेकी स्थानीय पालिकाहरू र हावापानीका बारेमा उल्लेख गर्न । | इन्द्रावती गाउँपालिकाको-<br>- समुन्द्र सतहदेखिको उचाई ......मि<br>- धरातलीय स्वरुप<br>- क्षेत्रफल<br>- चारकिल्ला<br>- अधिकत्तम र न्यूनतम तापक्रम<br>- अधिकत्तम र न्यूनतम वर्षा आदि | - नक्सा देखाएर इन्द्रावती गाउँपालिकाको वरिपरी रहेका छिमेकी गाउँपालिकाहरू/ खोला नदी वा पहाड हिमालको नाम भन्न लगाउने ।<br>- इन्द्रावती गाउँपालिकाको भू धरातलीय स्वरुप स्पष्ट हुने गरी माटोको मोडल तयार गर्न लगाउने ।<br>- इन्द्रावती गाउँपालिकाको क्षेत्रफल, अधिकत्तम र न्यूनतम तापक्रम र औसत तापक्रम र अधिकत्तम, न्यूनतम र औसत वर्षाको अवस्था चार्ट देखाइ स्पष्ट पार्ने । | इन्द्रावतीगा.पा.को १२ वडाहरू अंकित नक्सा, सिन्धुपाल्चोक जिल्लाको सबै स्थानीय तहहरू अंकित नक्सा, भिडियो वा फोटोहरू आदी ।<br><br>मोडल बनाउन माटो, कपास लगायतका सामग्रीहरू ।<br><br>आवश्यक जानकारी अङ्कीत चार्ट । | इन्द्रावती गा.पा. वरपर कुन कुन गा.पा.हरू वा खोला,नाला, पहाड पर्वतहरू रहेका छन् ?<br>इन्द्रावती गा.पा.को क्षेत्रफल कति ब.कि.मि रहेको छ ?<br><br>कक्षा क्रियाकलापका आधारमा मूल्याङ्कनगर्ने । | १० |
| | २.इन्द्रावती गाउँपालिकामा रहेका दुईवटा प्राकृतिक सम्पदाको परिचय लेख्न | इन्द्रावती गा.पा.भित्र रहेका मुख्य प्राकृतिक सम्पदाहरू । जस्तैः | इन्द्रावती गा.पा. भित्रका मुख्य प्राकृतिक सम्पदाहरूको नाम भन्न नदीनाला, पहाड पर्वत, झरना आदि समूह विभाजन गर्ने ।<br><br>प्राप्त नामहरू बोर्डमा टिप्ने ।<br>ती नामहरू मध्ये ...... र | फोटाहरू, चार्ट आदि | इन्द्रावती गा.पा.भित्रका मुख्य प्राकृतिक सम्पदाहरू के के हुन् ?<br><br>........... को | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ........को बारेमा परिचय भन्न र लेख्न समूह कार्य गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br><br>शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>परिचयका लागि चयन भएका प्राकृतिक सम्पदाहरूको अवलोकनका लागि भ्रमण गराउने ।<br><br>परियोजना कार्यका रूपमा प्रतिवेदन लेखाउने । | | विशेषता बताउनुहोस् ।<br><br>समूह कार्यमा सक्रियताका आधारमा मूल्यांकन गर्ने । | |
| २.स्थानीय बिभिन्न जातजाति, व्यक्तित्व र जनसंख्या | ३.इन्द्रावतीका विशिष्ट व्यक्तित्वहरूको पहिचान गरि कुनै दुई जनाको सामान्य जानकारी दिन ।<br><br>४.आफ्नो वडाध्यक्षका बारेमा सोधखोज गरी प्रतिवेदन लेख्न ।<br><br>५.इन्द्रावती गापाको जनसङ्ख्याको अवस्थिति र साक्षरताको अवस्था बताउन । | पहिचान गरिएका निम्नलिखित विशिष्ट व्यक्तिहरू<br>क.<br>ख.<br><br>आफ्नो विद्यालय इन्द्रावती गा.पा.को .....वडामा पर्दछ । उक्त वडाका वडाध्यक्षको परिचय ।<br><br>इन्द्रावती गाउँपालिकाको कूल जनसङ्ख्या, जातिगत अवस्थिति र साक्षरताको अवस्था | - उल्लेखित व्यक्तित्वहरूको फोटो देखाएर कसको फोटो हो भनी सोध्ने ।<br>- विद्यार्थीबाट आएको जानकारीको परीक्षण गरी परिचय बताउने ।<br>- परिचय लेख्न लगाउने ।<br><br>- सम्बन्धित वडाध्यक्षको फोटो देखाएर निजको बारेमा सोध्ने ।<br>- आएको जवाफ बोर्डमा लेख्ने ।<br>- नाम, उमेर, आवद्ध पार्टी, प्राप्त मत, विकास निर्माणमा भूमिका आदि बारे बताउने ।<br><br>- इन्द्रावती गा.पाको कूल जनसङ्ख्या र जातिगत अवस्थिति र साक्षरताको अवस्था उल्लेखित चार्ट देखाएर जानकारी दिने । | फोटोहरू<br>जीवनी झल्कने चार्टहरू<br>जनसङ्ख्या, जातिगत अवस्थिति र साक्षरताको अवस्था उल्लेख भएका चार्टहरू | १. .......को सङ्क्षिप्त परिचय दिनुहोस् ।<br><br>२. तपाईको वडाध्यक्षको नाम के हो ?<br><br>३. इन्द्रावती गापाको कुल जनसङ्ख्या कति छ ? आदि | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.इन्द्रावती भित्रका प्रमुख धार्मिक सम्पदाहरू | ७.इन्द्रावती गाउँपालिका भित्रका प्रमुख धार्मिक स्थलहरूको जानकारी दिन र ती स्थानहरूको संरक्षणमा स्थानीयको भूमिका बारे बताउन | ७.निम्नलिखित स्थानीय मठ, मन्दिर तथा प्रमुख धार्मिक स्थलहरूको बारेमा जानकारी -<br>क<br>ख.<br>ग. | - फोटो/भिडियो देखाएर उल्लेखित धार्मिक स्थलहरूको बारेमा जानकारी गराउने ।<br><br>- अवलोकन भ्रमणमा लैजाने ।<br>- समूहगत रूपमा परियोजना कार्य गराइ कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने<br>- धार्मिक सम्पदा किन संरक्षण गर्नुपर्छ र संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने भूमिका बारे छलफल गराउने ।<br>-छलफलबाट आएका बुँदाहरू बोर्डमा टिप्ने ।<br>- उल्लेखित सम्पदाको चित्र कोर्न लगाउने । | फोटोहरू, भिडियो आदी ।<br><br>धार्मिक सम्पदा सम्पदा संरक्षणमा स्थानी जनसमुदायको भूमिका उल्लेख भएको चार्ट । | - .........को परिचय दिनुहोस् । | १० |
| ४.स्थानीय चाँडपर्व | ८.स्थानीय रूपमा मनाउने कुनै चारवटा चाँडपर्वको बारेमा अनुच्छेद लेख्न । | स्थानीय रूपमा मनाउने गरिदैं आएका तिहार, बुद्ध जयन्ती, कुशेऔंशी र कोशीपूजा चाँडपर्वको बारे जानकारी दिन । | - चाँडपर्वको सामान्य परिभाषा बताउने<br>- उल्लेखित नामका चाँडपर्वको बारेमा विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>- उक्त पर्वहरू मनाएको नाटकीकरण गराउने ।<br>- शिक्षकले थप सहजीकरण गर्ने | चाँडपर्वको नाम उल्लेख भएको चार्ट,<br>स्थानीय रूपमा चाँडपर्व मनाउँदै गरेका चित्रहरू, चाँडपर्वको नाम लेखिएका मेटाकार्डहरू र सोको सङ्क्षिप्त परिचय भएको चार्ट, भिडियो क्लिपहरू | कुनै दुईवटा पर्वको परिचय दिनुहोस् ।<br><br>कक्षाकार्यमा सक्रियताका आधारमा मूल्याङ्कन गर्ने । | ८ |
| ६.स्थानीय बोलीचाली | ९.स्थानीय भाषामा सांस्कृतिक र प्राकृतिक सम्पदाहरू बारे बताउन । | क. स्थानीय भाषामा वाक्य सङ्गति मिल्ने गरी बोल्न र लेख्नका लागि व्याकरणात्मक ज्ञान हुने गरी क्रियाकलाप गर्ने ।<br><br>सांस्कृतिक वा प्राकृतिक सम्पदाको स्थानीय | - स्थानीय भाषामा वाक्य गठन प्रक्रिया बारे जानकारी गराउने<br>- स्थानीय र नेपाली वाक्य लेखिएका कार्डहरू उपलव्ध गराएर जोडा मिलाउने खेल खेलाउने<br>- कक्षामा भएका विभाषी विद्यार्थीहरूलाई अभ्यासका लागि स्थानीय भाषी विद्यार्थीको जोडा | -वाक्यपत्ती<br>- स्थानीय भाषामा कुराकानी गरिएका श्रव्यदृश्यका सामग्री | ....... स्थानीय भाषामा कसरी भनिन्छ ?<br><br>कक्षामा बोलाइका आधारमा मूल्याङ्कन गर्ने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भाषामा जानकारी गराउन लगाउने | बनाइ दिने ।<br>- आवश्यकताका आधारमा शिक्षकले सहजीकरण गर्ने । | | | |
| ७.स्थानीय गीत, बाजागाजा र नाच | १०.स्थानीय क्षेत्रमा बजाइने बाँसुरी र कर्नाल बाजाको परिचय दिन ।<br><br>११.सङ्गीनी नाचको सामान्य जानकारी दिन र नमूना प्रस्तुत गर्न ।<br><br>१२.खेतीपाती गर्दा गाइने गीतहरू गाउन । जस्तैः असारे | स्थानीय क्षेत्रमा बजाइने बाँसुरी र कर्नाल बाजाको परिचय<br><br>सङ्नी नाचको सामान्य जानकारी | - स्थानीय बाजाहरूको चित्र देखाउँदै ती बाजाको नाम बारे विद्यार्थीको पूर्व ज्ञान परीक्षण गर्ने<br>-ती बाजाको सामान्य परिचय बताउने<br>- सम्भव भए बाजा नै प्रदर्शन गर्ने र सोको आवाज सुनाउने<br>- ती बाजाहरूको चित्र कोर्न लगाउने<br>- विद्यार्थीको जानकारीमा रहेका नाचहरूको नाम बताउन मस्तिस्क मन्थन (Bren storming) गराउने ।<br>- आएका नामहरू बोर्डमा टिप्ने<br>- टिपिएका नामहरूबाट स्थानीय र अस्थानीय बाजाको नाम छुटाउन लगाउने<br>- बाँसुरी र कर्नाल बाजाको बारे छलफल गराउने<br>- आवश्यक जानकारी दिने ।<br>- सम्भव भए स्थानीय विज्ञ व्यक्तिलाई आमन्त्रण गरी प्रदर्शन गर्न लगाउने ।<br>(नाचका बारेमा पनि सोही क्रियाकलाप दोहऱ्याउने )<br><br>सङ्गीनी नाच नाच्न लगाउने ।<br><br>(सहजीकरणका लागि स्थानीय विज्ञ व्यक्तिको सहयोग लिन सकिन्छ ।) | - चित्रहरू<br>- भिडियो<br>- बाजाहरू<br>- श्रव्यदृश्यका सामग्रीहरू | - बासुरी बाजा कसरी बजाइन्छ ?<br>- कर्नाल बाजाको चित्र बनाउनु होस् ।<br>- सङ्गीनी नाच कुन पर्वमा नाचिन्छ ?<br>- विद्यार्थीले तयार गरेको चित्रका आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८.स्थानीय संस्कार र रहन सहन | १३.विहे चारदामका बारेमा जानकारी दिन र रत्यौलीको नमूना प्रस्तुत गर्न ।<br><br>१४.दाल भात पकाउने विधि बताउन । | जन्मदेखि मृत्यूसम्मका गरिने सामाजिक र धार्मिक क्रियाकलापहरू संस्कार हुन् भनी बताउने । जस्तै : न्वारान, पास्नी, गुन्यूचोलो (छोरी) छेवार (छोरा), विहे चारदाम, मृत्यू संस्कार डोवा, धुन्जे, घेवा आदि | - संस्कार बारे जानकारी दिने<br>- विहे चारदाम स्थानीय संस्कार हुन् भनी बताउने<br>- मेटाकार्ड प्रयोग गरी ती संस्कारहरूको सामान्य जानकारी दिने ।<br>- उक्त संस्कारहरूसँग सम्बन्धित चित्र/भिडियो प्रदर्शन गर्ने ।<br>- ती चित्रको अनुकरण गरी चित्र कोर्न लगाउने<br><br>- परिवारबाट विद्यार्थीलाई खाना पकाउन अभ्यासमा सहयोग गर्न अनुरोध पत्र पठाउने ।<br><br>- घरमा परिवारका सदस्यले दालभात पकाएको अवलोकन गर्ने र सोको अभ्यासमा संलग्न भइ अभ्यास गरेको प्रतिवेदन लेख्ने गृहकार्य दिने ।<br><br>- सम्भव भए विद्यालयमा प्रयोगात्मक शिक्षण गर्ने ।<br><br>- शिक्षकले आवश्यक सहजीकरण गर्ने । | - उक्त संस्कारहरूसँग सम्बन्धित चित्र, भिडियो<br>- मेटाकार्ड<br>- अनुरोधपत्र<br>- प्रयोगात्मक शिक्षणका लागि आवश्यक सामग्री | - विहे चारदाम भनेको के हो ? यस संस्कारमा के के गरिन्छ ? बताउनु होस् ।<br><br>- दाल पकाउन कस्तो प्रक्रिया अपनाउनु पर्छ ?<br><br>भात पकाउन अपनाउनु पर्ने विधि लेख्नुहोस् । | ८ |
| ९.स्थानीय उब्जनीहरू | १५.कृषि उत्पादन बढाउन अपनाइने उपायहरू, मलखादको प्रयोग बारे जानकारी दिन<br><br>१६.कम्पोष्ट मल | कृषि उत्पादन बढाउनका लागि उन्नत बिउविजन, गोडमेल, उचित स्याहार र मलखादको आवश्यकता पर्दछ ।<br><br>घरायशी जीवनमा प्रयोग | - कृषि उत्पादन बढाउन गरिने उपाय बारे समूहगत अन्तरक्रिया गराउने ।<br>- अन्तर्क्रियाको निचोड प्रस्तुत गर्न लगाउने ।<br>- अन्य समूहबाट टिप्पणी गर्न लगाउने । | - चित्रहरू<br>- कुहिने बस्तुहरू | कृषि उत्पादन बढाउन अपनाइने उपायहरू के के हुन् ?<br><br>कम्पोष्ट मल कसरी बनाइन्छ ? | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बनाउने विधि बारे बताउन | हुने जैविक वस्तुलाई कुहाएर तयार गरिने मल कम्पोष्ट मल | - टिप्पणी उपर स्पष्टिकरण दिन लगाउने ।<br>- घरमा अभिभावकसँग कृषि उत्पादन बढाउन अपनाउने गरिएका उपाहरू बारे सोधेर बुँदा टिपोट गरेर ल्याउने गृहकार्य दिने ।<br>- गृहकार्यमा टिपिएका बुँदाहरू कक्षामा प्रस्तुत गर्न लगाउने<br><br>- कम्पोष्ट मलको चित्र देखाउने र कम्पोष्ट मल तयार गर्ने विधिबारे छलफल गराउने ।<br>- परियोजना कार्यका रूपमा विद्यालयमै कम्पोष्ट मल निर्माण र प्रयोग गर्न लगाउने । | | समूह कार्य र परियोजना कार्यमा सक्रियताका आधारमा मूल्याङ्कन गर्ने । | |
| १०.स्थानीय सीप, पेशा र व्यवसाय (स्थानीय आर्थिक क्रियाकलाप) | १७.स्थानीय क्षेत्रमा गर्न सकिने व्यवसायहरूको सूची तयार गर्न ।<br><br>१८. लप्सीको मादा बनाउन । | जीवनयापनका लागि गरिने आयमूलक कार्य पेशा व्यवसाय हो ।<br><br>(कृषि -खेतीपाती, पशुपालन, कुखुरापालन, माछापालन आदि)<br><br>उद्योग (राडीपाखी, लप्सीको मादा बनाउने, गलैचा बुन्ने, बख्खु तयार गर्ने आदि)<br><br>व्यापार ( दैनिक उपभोग्य, स्थानीय उत्पादन आदि)<br><br>लप्सीको मादा बनाउने | - परिवारमा खाना, लुगाफाटो, आवश्यक पर्दा उपचारका लागि आर्थिक व्यवस्थापन कसरी गरिन्छ भनी प्रश्न गरी सोको उत्तर तयार गर्न लगाउने ।<br><br>- विद्यार्थीबाट प्राप्त उत्तरलाई बोर्डमा कृषि, उद्योग, व्यापार, सेवा(नोकरी) आदि कोलममा भर्ने<br><br>- कृषि, उद्योग, व्यापार, सेवा आदि क्षेत्रमा गरिने कार्य बारे चार्टद्वारा स्पष्ट पार्ने ।<br>- पेशा व्यवसाय झल्किने चित्र वा भिडियो देखाउने ।<br><br>- लप्सीको मादा बनाउने विधि बताइ मादा बनाउन लगाउने - ( | चार्टहरू<br>चित्र वा भिडियो<br>लप्सीको मादा बनाउन आवश्यक सामग्री | मानिसले पेशा व्यवसाय किन गर्नु पर्दछ ?<br><br>स्थानीय रूपमा गर्न सकिने उद्योगहरू कुन कुन छन् ?<br><br>लप्सीको मादा कसरी बनाइन्छ ? | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तरिका | लप्सी निर्धारित परिमाणमा विद्यार्थीबाटै सङ्कलन गर्ने)<br>- सो मादा शिक्षक वा विद्यार्थीहरू मध्ये कसैले किनेर आएको पैसा दामासाहीमा वितरण गर्ने । | | | |
| ११.स्थानीय खेलहरू | १९.स्थानीय रूपमा खेलिने खेलहरू खेल्न ।<br><br>२०.डण्डीबियो र ध्वाँई खेलको सामाजिक महत्व बताउन । | स्थानीय रूपमा खेलिने खेलहरू<br>जस्तै :डण्डीबियो र ध्वाँई<br><br>डण्डिवियो र ध्वाँईं खेलको सामाजिक महत्व | - स्थानीय खेलको परिभाषा बताउने<br>- डण्डिवियो र ध्वाँईं खेल खेल्ने तरिका बारे बताउने<br>- खेल अभ्यास गराउने<br>- विजयी विद्यार्थी वा समूहलाई पुरस्कृत गर्ने ।<br><br>- डण्डिवियो र ध्वाँईं खेलको सामाजिक महत्व बताउने<br>- समूहमा खेल्दा मेलमिलाप बढ्ने<br>- विवाद भए समाधानको सीप सिक्न सकिने<br>- खेल नियमले नियममा बस्नुपर्छ भन्ने ज्ञान दिने<br>- समूहगत रूपमा खेल्दा सामुहिक भावन विकास हुने ।<br>- प्रतिस्पर्धात्मक सामाजिक सीप विकास हुने । आदि | मोबाइल वा टेप रेकर्डर भिडियो,<br><br>खेल सामग्री<br>खेलको नियम उल्लेख भएको चार्ट<br>पुरस्कारहरू । | खेलबाट हुने सामाजिक फाइदाहरू के के हुन् ?<br><br>डण्डिवियो खेल्न आवश्यक सामग्री के के हुन् ?<br><br>खेल्ने सीपका आधारमा मूल्याङ्कन गर्ने । | ८ |
| १२.हरित विद्यालय | २१.विद्यालयमा कक्षागत बाल बगैंचाको विकास र संरक्षण गर्न । | विद्यालयमा कक्षागत बाल बगैंचाको निर्माण | -बाल बगैचाको नमूना देखाउँदै विद्यालयमा बाल बगैचाको आवश्यकता बारे बताउने ।<br><br>- बाल बगैंचा निर्माणको योजना बनाउने (विद्यालय प्रशासन समक्ष विद्यार्थी मार्फत् प्रस्ताव, बाल बगैचाका लागि जग्गाप्राप्ति, आवश्यक औजारहरूको व्यवस्था, विद्यार्थीको कार्य विभाजन, | चित्र वा भिडियो<br>आवश्यक औजारहरू<br>विरूवाहरू<br>कार्य विभाजन चार्ट | विद्यालयमा बाल बगैंचा किन आवश्यक छ ?<br><br>सक्रियताका आधारमा मूल्याङ्कन गर्ने । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बोटविरूवाको उपलब्धता आदि)<br><br>- बाल बगैचाको विकास र संरक्षणका लागि गर्नुपर्ने कार्यका विषयमा छलफल गराउने ।<br><br>-कार्य विभाजन चार्ट निर्माण गरी कक्षामा टाँस्ने<br><br>- प्रयोगात्मक रूपमा बगैचा तयार गर्न लगाउने ।<br><br>(विद्यार्थी सङ्ख्यालाई ध्यानमा राखी समूहगत रूपमा निश्चित सङ्ख्याका आधारमा बाल बगैँचा तयार गराउन सकिन्छ ।) | | | |

लप्सीको मादा बनाउने एउटा थपेको ।